अन्तर्राष्ट्रिय आगमन Call Bypass बाट हुन जाने बिगो र दूरसञ्चार सेवा प्रदायकहरुलाई पुग्न जाने क्षतिको रकम निर्धारण गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीतिगत आधारहरुः

१. Voice Over Internet Protocol (VOIP) Call Bypass भएको अवधि निर्धारण गर्न प्राप्त सबुद प्रमाणहरु जस्तैः SIM/RUIM Card प्रयोग गर्न सुरु गरिएको मिति र Internet जडान (Connection) गरेको मिति मध्येबाट सबै भन्दा पछिल्लो मितिलाई आधार मानी उक्त दिन देखि सेवा बन्द भएको वा छापा मारेको मिति लाई VOIP Call Bypass गरेको अवधि (दिनमा) गणना गर्ने ।

२. VOIP Call Bypass मा प्रयोग गरिएको उपकरणहरुबाट Voice Channel ,SIM/RIM Port आदिको गणना गरि VOIP Call Bypass गराउने प्रणालीको श्रोत (Resource) को परिमाण, जनाउने संख्या जसलाई यहाँ "N" भनिएको छ ।

३. Traffic engineering अनुसार Erlang-B[1] Formula को प्रयोग गरी २% Blocking Probability को आधारमा VOIP प्रणालीको श्रोत "N" मा Offer गर्न सकिने VOIP श्रोतको ट्राफिक (Traffic) क्षमता A in Erlang निकाल्ने | उक्त Traffic (A) लाई ३२५ ले गुणा गरि आउने अंकलाई दैनिक Paid Minutes ट्राफिकका रुपमा लिई मूल्याङ्कन गर्न सकिनेछ |

४. विदेशबाट आएको फोन नेपालमा कल टर्मिनेशन गरे वापत नेपालका सेवा प्रदायक कम्पनीले विदेश बाट Call प्राप्त गर्दा पाउने औषत दर रकम (X) बाट औषत Prepaid (SIM/RIM) बाट स्थानिय टेलिफोनमा कल (Local Call) गर्दा लाग्ने महशुल (Y) घटाई हुन आउने रकमको आधारमा बिगो हिसाव निकालिने छ ।

५. बुंदा नं ३ बमोजिमको तरिकाबाट बिगो तथा हानी नोक्सानीको हिसाब निकाल्न नसकिने अवस्थामा छापामारेको स्थानबाट बरामद गरिएका VOIP संग सम्बन्धित विभिन्न कागजपत्रहरु, VOIP सञ्चालन गरेको प्रमाण खुल्ने अन्य विभिन्न श्रोतहरु जस्तैः डिजिटल प्रमाणहरुको आधारमा बिगो एबं क्षतिको विवरण पत्ता लगाई हिसाव गरिनेछ ।

६. क्षतिपूर्ति माग गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले क्षति भएको प्रमाणहरु जस्तै SIM/RUIM Card प्रयोग भएको हकमा प्रत्येक SIM/RUIM Card को (१) Activate गरेको मिति (२) उक्त SIM/RUIM Card मा उक्त अवधिमा Recharge गरेको रकम सम्बन्धी विवरण (३) SIM/RUIM Card लिने व्यक्तिको विवरण आदि खुलाई पेश गर्नु पर्ने छ ।

७. सम्बन्धित निवेदकले दाबी गरेको क्षतिपूर्ति निर्धारण गर्दा विदेशबाट आएको फोन कल टर्मिनेशन गरे वापत सेवा प्रदायक कम्पनीले विदेश बाट Call प्राप्त गर्दा पाउने औषत दर रकम (X) बाट औषत Prepaid (SIM/RUIM) को Local Call Charge (Y) घटाई सो को आधारमा हिसाव निकालिने छ ।

---

[१] सुत्र संलग्न बमोजिम रहेको छ ।

८. बरामद भएका सिममा रहेको Balance रकम सम्बन्धित सेवा प्रदायकले प्राधिकरणबाट उपभोक्ता शिक्षा जनचेतना कार्य संचालन गर्न खोलिने खातामा जम्मा गर्नुपर्ने छ । यसरी प्राप्त हुने रकम उपभोक्त शिक्षा, साक्षरता  र उपभोक्ता जनचेतना विषयमा मात्र खर्च गरीनेछ ।